**सामुदायिक माध्यमिक विद्यालयहरूमा रिक्त हुने विद्यालय सहायक (लेखा ) कर्मचारी, सामुदायिक विद्यालयमा रिक्त हुने विद्यालय सहयोगी कर्मचारी तथा बाल शिक्षक पदपूर्तिका लागि छनौट परीक्षाको पाठ्यक्रम तथा परीक्षा सम्बन्धी मापदण्ड, २०८१**

कार्यपालिकाबाट स्वीकृत मिति: २०८२।०८।१६

"सूर्योदय नगरपालिकामा विद्यालय शिक्षा सञ्चालन, व्यवस्थापन तथा नियमनका लागि स्थानीय तह सरकार सञ्चालन ऐन, २०७४ दफा ११ "ज" ले दिएको अधिकार तथा सूर्योदय नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन, २०७६ को दफा ५४ बमोजिम यो पाठ्यक्रम तयार गरिएको छ।

**विद्यालय सहायक (लेखा) कर्मचारी छनौट परीक्षाको पाठ्यक्रम**

**लिखित परीक्षाको योजना**

**(Written Examination Scheme)**

| सामान्य परीक्षा-प्रथम पत्र (वस्तुगत/बहुवैकल्पिक प्रश्नहरु) | | | | द्वितीय चरण (विषयगत परीक्षा) | | | | जम्मा पूर्णाङ्क |
|---|---|---|---|---|---|---|---|---|
| पूर्णाङ्क | उत्तीर्णाङ्क | प्रश्न संख्या | प्रति प्रश्न अङ्क भार | पूर्णाङ्क | उत्तीर्णाङ्क | प्रश्न संख्या | प्रति प्रश्न अङ्कभार | जम्मा पूर्णाङ्क |
| ३० | १२ | ३० | १ | ५० | २० | ५ | १० | ८० |

**खण्ड (क)**

**लिखित परीक्षा अन्तरगत सामान्य परीक्षाको पाठ्यक्रम ढाँचा, विषय क्षेत्र र अङ्कभार**

| क्र.सं | विषयवस्तुको क्षेत्र | प्रश्न संख्या | प्रति प्रश्न संख्या अङ्कभार | जम्मा अङ्कभार |
|---|---|---|---|---|
| १ | नगरपालिकाको भौगोलिक अवस्था, प्रशासनिक विभाजन धरातलीय स्वरुप, विद्यालय सम्बन्धी सामान्य जानकारी, प्रकोप व्यवस्थापन (सूर्योदय नगरपालिका सम्बन्धी सामान्य जानकारी ) | २ | १ | २ |
| २ | • विद्यालय जाने उमेरका बालबालिकाहरुको पूर्वावाल्यावस्था,उत्तर वाल्यावस्था र किसोरावस्थाको परिचय, विकासात्मक कार्य तथा विशेषताहरु | ३ | १ | ३ |
| ३ | • विद्यालय दिवा खाजा व्यवस्थापन, परीक्षा तथा कार्यक्रम व्यवस्थापन | १ | १ | १ |
| ४ | नेपालको संविधान, २०७२ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा शिक्षा तथा बालबालिका सम्बन्धी व्यवस्था र अधिकार | २ | १ | २ |

| क्र.सं | विषयवस्तुको क्षेत्र | प्रश्न संख्या | प्रति प्रश्न संख्या अङ्कभार | जम्मा अङ्कभार |
|---|---|---|---|---|
| ५ | **सूचना तथा प्रविधि:**<br>• कम्प्युटर: परिचय, प्रकार, हार्डवेयर, सफ्टवेयर र अफिस प्याकेज (MS Word, Excel, PowerPoint) and E-mail, Internet सम्बन्धी सामान्य जानकारी<br>• शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) सम्बन्धी आधारभूत जानकारी<br>• School Accounting Software (SAS) सम्बन्धी सामान्य जानकारी<br>• विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग (श्रव्य, दृष्य तथा अन्तरक्रियात्मक डिजिटल सामाग्री) सम्बन्धी सामान्य जानकारी<br>• साइवर अपराध र सुरक्षा सम्बन्धी आधारभूत ज्ञान | ५ | १ | ५ |
| ६ | लेखा सम्बन्धी नियमको जानकारी, विद्यालयमा सामाजिक परिक्षण तथा लेखा परिक्षण र विद्यालय सुधार योजना सम्बन्धी आधारभूत ज्ञान | ३ | १ | ३ |
| ७ | कार्यालय सञ्चालन र अभिलेख व्यवस्थापन सम्बन्धी सामान्य जानकारी | ३ | १ | ३ |
| ८ | शिक्षा ऐन, २०२८ (संशोधन सहित) र शिक्षा नियमावली, २०५९ (संशोधन सहित) मा शिक्षक-कर्मचारीको सेवा सर्त, विदा र वि.व्य.स गठन, शिक्षक अभिभावक संघ, विद्यार्थी-शिक्षक आचार संहिता), सार्वजनिक खरिद ऐन २०६३, नियमावली, २०६४ (नियम ५८) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ तथा नियमावली २०७७, भ्रष्टाचार निवारण ऐन २०४९ | ५ | १ | ५ |
| ९ | **Aptitude Test:**<br>• Verbal reasoning (Series, analogy, classification, coding-decoding).<br>• Non-verbal reasoning (Series, analogy, classification, Venn diagrams, matrices, construction of squares and triangles).<br>• Quantitative aptitude (arithmetic reasoning/operation, percentage, fraction, decimal) | ६ | १ | ६ |

| क्र.सं | विषयवस्तुको क्षेत्र | प्रश्न संख्या | प्रति प्रश्न संख्या अङ्कभार | जम्मा अङ्कभार |
|---|---|---|---|---|
| जम्मा | | ३० | | ३० |

**विद्यालय सहायक (लेखा) कर्मचारीको विषयगत परीक्षाको पाठ्यक्रम ढाँचा, विषय क्षेत्र र अङ्कभार**

**खण्ड (ख)**

| क्र.सं | विषयवस्तुको क्षेत्र | प्रश्न संख्या | प्रति प्रश्न संख्या अङ्कभार | जम्मा अङ्कभार |
|---|---|---|---|---|
| १ | लेखा प्रणाली, लेखा पालनको अवधारणा, आधारभूत सिद्धान्त, उद्देश्य, महत्त्व, तथा लेखा परीक्षण सम्बन्धी सामान्य जानकारी,विद्यालय कोष, स्रोतहरु र सञ्चालनको तरिका,आम्दानी र खर्चको अनुमान, गोश्वारा भौचर, बैंक नगदी किताब, खर्चको फाँटबारी, सन्तुलन परीक्षण, धरौटीको वित्तीय विवरण, सानो नगदी कोषको विवरण, भ्रमण आदेश र भ्रमण विल, भरपाई, नगदी रसिद, रसिद नियन्त्रण खाता र दर्ता शुल्क किताब,वित्तीय प्रतिवेदन सम्बन्धी जानकारी,आय व्ययको प्रतिवेदन (मासिक, चौमासिक र वार्षिक), वासलात | १ | १० | १० |
| २ | • माग फाराम, खरिद आदेश, दाखिला प्रतिवेदन, खर्च भएर जाने र नजाने सामानको जिन्सी खाता, हस्तान्तरण फारम, जिन्सी मौज्दातको वार्षिक प्रतिवेदन र जिन्सी निरीक्षण प्रतिवेदन लगायत जिन्सी अभिलेखाङ्कन र प्रतिवेदनसँग सम्बन्धित विद्यालयका कार्यहरु, पत्र लेखन, पत्र लेखनको उद्देश्य, चिठ्ठी/पत्रका गुणहरु, चिठ्ठी/पत्रका प्रकार (प्रकार र प्राथमिकताको आधारमा) दर्ता चलानीको परिचय, उद्देश्य, महत्त्व | १ | १० | १० |
| ३ | अभिलेख व्यवस्थापनको परिचय, महत्व, उद्देश्य र प्रकार तथा अभिलेख व्यवस्थापनमा आधुनिक प्रविधिको प्रयोग, फाईलिङको परिचय, उद्देश्य, महत्त्व, प्रकार ,सामाजिक परीक्षण तथा विद्यालय सुधार योजनाको परिचय, उद्देश्य, आवश्यकता,महत्त्व, वर्तमान अभ्यास तथा अक्षय कोषको महत्व र प्रयोग | १ | १० | १० |
| ४ | विद्यालय सञ्चालन तथा व्यवस्थापनमा व्यवहारकुशल सीप, विद्यालय-समुदाय सम्बन्ध, शिक्षक/कर्मचारी-विद्यार्थी र अभिभावक सम्बन्ध, परीक्षा र मूल्याङ्कन सम्बन्धी सामान्य जानकारी | १ | १० | १० |
| ५ | कार्यालय व्यवस्थापनमा कम्प्युटर प्रणालीको प्रयोग, आवश्यकता र महत्त्व अपनाउनुपर्ने सावधानी, तथ्याङ्क तथा सूचनाको प्रकृति र महत्त्व, विद्यालयमा द्वन्द्व व्यवस्थापन तथा विपद व्यवस्थापनको अवधारणा, महत्त्व, चरण तथा प्रकृयाहरु | १ | १० | १० |

| | | | |
|---|---|---|---|
| **जम्मा** | | | ५० |

**विद्यालय सहायक कर्मचारी (माध्यमिक तह कक्षा ९-१२ को लेखा कर्मचारी) छनौट परीक्षाको अन्तरवार्ताको योजना**

**(Interview Examination Scheme)**

**1) शैक्षिक योग्यता वापत ५ अङ्क**

- विद्यालयमा सहायक कर्मचारीको सेवा प्रवेशको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्रथम श्रेणी भएमा ३ अङ्क र द्वितीय श्रेणी भए २ अङ्क
- सेवा प्रवेशको लागि तोकिएको शैक्षिक योग्यता भन्दा माथिल्लो शैक्षिक योग्यताको प्रथम श्रेणीमा भएमा २ अङ्क र द्वितीय श्रेणी भएमा १ अङ्क

**2) अन्तर्वार्ता वापत १५ अङ्क**

- **पालिका भित्रको उम्मेद्वार भएमा ५ अङ्क**
- **इलाम जिल्ला भित्रको उम्मेद्वार भएमा ३ अङ्क**
- **इलाम जिल्ला बाहिरको उम्मेद्वार भएमा २ अङ्क**
- व्यक्तित्व/आचरण वापत – २ अङ्क
- विषयवस्तुको ज्ञान वापत – ६ अङ्क
- प्रस्तुतीकरण वापत – २ अङ्क

**तर अन्तर्वार्ताको अङ्क दिँदा कुनै उम्मेद्वारलाई ३५ प्रतिशत भन्दा कम र ७० प्रतिशत भन्दा बढी दिनुपर्ने भएमा त्यस्तो अङ्क दिनुपर्ने कारण स्पष्ट खुलाउनुपर्ने छ।**

<u>द्रष्टव्य: विद्यालय सहायक कर्मचारीको लागि</u>

- न्यूनतम शैक्षिक योग्यता: मान्यता प्राप्त शैक्षिक संस्थाबाट वाणिज्यशास्त्र, अर्थशास्त्र, लेखा वा विज्ञान/गणित विषयमा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरेको हुनुपर्छ।
- उम्मेद्वार नेपाली नागरिकता प्राप्त व्यक्ति १८ वर्ष पूरा भइ ४० वर्ष ननाघेको हुनु पर्ने छ।
- तालिम: आधारभूत कम्प्युटर (Basic Computer) तालिम प्राप्त भएको।
- उमेर प्रचलित ऐन तथा नियमावली बमोजिम हुनेछ।
- सामान्य परीक्षा (वस्तुगत परीक्षा) को लागि ३० मिनेट समय निर्धारण गरिएको छ।
- विषयगत परीक्षाको लागि १.५ घण्टा समय निर्धारण गरिएको छ।
- सामान्य परीक्षामा प्राप्त गरेको प्राप्ताङ्क जोडेर लिखित परीक्षाको नतिजा प्रकाशन गरिनेछ।
- यस पाठ्यक्रम अन्तर्गतका विषयमा जुन सुकै कुरा लेखिएको भएतापनि पाठ्यक्रममा परेका कानून (ऐन, नियम) तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडी संशोधन भएका वा हटाईउका वा थप गरी कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ।

- यो पाठ्यक्रम तथा मापदण्ड कार्यपालिकाबाट स्वीकृत हुनुभन्दा अगाडि भए गरेका काम कारबाहीहरु यथावत हुनेछन्।
- यो पाठ्यक्रम सूर्योदय नगरपालिका नगर कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

सामुदायिक विद्यालयमा **विद्यालय सहयोगी कर्मचारी** पदको छनोट परीक्षाको पाठ्यक्रम

लिखित परीक्षा योजना (Written Examination Scheme)

<table>
<tr><th colspan="3">वस्तुगत परीक्षा</th><th colspan="2">विषयगत परीक्षा</th><th rowspan="3">प्रति प्रश्न अङ्क भार</th><th rowspan="2">जम्मा पूर्णाङ्क</th><th rowspan="2">उत्तीर्णाङ्क</th></tr>
<tr><th>पूर्णाङ्क</th><th>प्रश्न संख्या</th><th>प्रति प्रश्न अङ्क भार</th><th>पूर्णाङ्क</th><th>प्रश्न संख्या</th></tr>
<tr><td rowspan="3">२०</td><td rowspan="3">२०</td><td rowspan="3">१</td><td>६०</td><td>१०</td><td rowspan="3">८०</td><td rowspan="3">वस्तुगत र विषयगत गरी पूर्णाङ्कको ४० प्रतिशत अङ्क</td></tr>
<tr><td>संक्षिप्त उत्तर आउने प्रश्न</td><td>८</td><td>५</td></tr>
<tr><td>लामो उत्तर आउने प्रश्न</td><td>२</td><td>१०</td></tr>
</table>

## खण्ड (क)

## लिखित परीक्षा अन्तर्गत वस्तुगत परीक्षाको पाठ्यक्रम ढाँचा, विषय क्षेत्र र अङ्कभार

| क्र.सं | विषयवस्तुको क्षेत्र | प्रश्न संख्या | प्रति प्रश्न अङ्कभार | जम्मा अङ्कभार |
|---|---|---|---|---|
| १ | सूर्योदय नगरपालिकाको भौगोलिक, प्रशासनिक तथा सांगठनिक संरचना सम्बन्धी सामान्य जानकारी | ६ | १ | ६ |
| २ | विद्यालयमा ICT को प्रयोग सम्बन्धी सामान्य जानकारी | २ | १ | २ |
| ३ | नेपाली भाषा सम्बन्धी सुनाई, बोलाई, पढाई, लेखाई सीप तथा व्याकरण सम्बन्धी सामान्य जानकारी | २ | १ | २ |
| ४ | कार्यालय व्यवस्थापनमा दर्ता/चलानी, अभिलेख व्यवस्थापन, फाईलिङ सम्बन्धी सामान्य जानकारी | २ | १ | २ |
| ५ | दैनिक व्यावहारिक गणित सम्बन्धी सामान्य जानकारी (जोड, घटाउ, गुणन, भाग, प्रतिशत) | २ | १ | २ |
| ६ | अङ्ग्रेजी भाषा सम्बन्धी सामान्य जानकारी | २ | १ | २ |
| ७ | शिक्षा ऐन, २०२८ (संशोधन सहित) र शिक्षा नियमावली, २०५९ (संशोधन सहित) मा बाल शिक्षक तथा विद्यालय | २ | १ | २ |

| | | | | |
|---|---|---|---|---|
| | सहयोगी कर्मचारीका लागि आवश्यक सेवा सर्त, विदा सम्बन्धी व्यवस्था, वि.व्य.स गठन, विद्यार्थी- शिक्षक आचार संहिता) | | | |
| ८ | नेपालको संविधान २०७२ मा शिक्षा र बालबालिका सम्बन्धी विषयवस्तु तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा शिक्षा सम्बन्धी व्यवस्था | २ | १ | २ |
| | **जम्मा** | **२०** | | **२०** |

**खण्ड - ख**

**लिखित परीक्षा अन्तर्गत विषयगत परीक्षाको पाठ्यक्रम ढाँचा, विषयक्षेत्र र अङ्कभार**

| **क्र.सं** | **विषयवस्तुको क्षेत्र तथा विषयवस्तु** | **प्रश्न संख्या** | **प्रति प्रश्न अङ्कभार** | **जम्मा अङ्कभार** |
|---|---|---|---|---|
| १ | प्राथमिक उपचार: प्राथमिक उपचारको परिचय र महत्त्व, घर, विद्यालय तथा खेल मैदानमा हुने सम्भावित दुर्घटनाहरु र दुर्घटनाबाट बच्ने उपायहरु तथा विपद् व्यवस्थापन सम्बन्धी जानकारी | १ | ५ | ५ |
| २ | फोहोर व्यवस्थापन, व्यक्तिगत र वातावरणीय सरसफाई | १ | ५ | ५ |
| ३ | कार्यालय सञ्चालन व्यवस्थापन सम्बन्धी सामान्य जानकारी | १ | ५ | ५ |
| ४ | विद्यालय दिवा खाजा कार्यक्रमको परिचय, महत्त्व, खाजा व्यवस्थापनका तरिका तथा स्थानीय स्तरमा उत्पादनमा आधारित उत्पादनको प्रयोग | १ | ५ | ५ |
| ५ | गणितसीप सम्बन्धी सामान्य जानकारी: जोड, घटाउ, गुणन, भाग, प्रतिशत (दैनिक व्यावहारिक ज्ञानसँग सम्बन्धित) | १ | ५ | ५ |
| ६ | अङ्ग्रेजी भाषा सम्बन्धी सामान्य ज्ञान | १ | ५ | ५ |
| ७ | विद्यालयमा सञ्चालन हुने दिवस, उत्सव तथा अतिरिक्त क्रियाकलापहरु सञ्चालन तथा व्यवस्थापन सम्बन्धी सामान्य जानकारी | १ | ५ | ५ |
| ८ | नेपालको संविधान, २०७२ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा शिक्षा तथा बालबालिका सम्बन्धी व्यवस्थाहरु | १ | ५ | ५ |
| ९ | विद्यालयमा द्वन्द्व व्यवस्थापन, अभिभावक सम्बन्ध तथा नगदी जिन्सी व्यवस्थापन | १ | १० | १० |
| १० | विद्यालय सहयोगी कर्मचारीको जिम्मेवारी, काम, कर्तव्य, भूमिका तथा शिक्षक-कर्मचारीको आचार संहिता | १ | १० | १० |
| | जम्मा | १० | | ६० |

## विद्यालय सहयोगी कर्मचारी छनोट परीक्षाको अन्तर्वार्ताको योजना
## (Interview Examination Scheme)

1. **शैक्षिक योग्यता वापत ५ अङ्क**
   - विद्यालय सहयोगी कर्मचारीको लागि सेवा प्रवेशको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्रथम श्रेणी भएमा ३ अङ्क र द्वितीय श्रेणी भए २ अङ्क र तृतीय श्रेणीको भए १ अङ्क
   - सेवा प्रवेशको लागि तोकिएको शैक्षिक योग्यता भन्दा माथिल्लो शैक्षिक योग्यताको प्रथम श्रेणी भएमा २ अङ्क र द्वितीय श्रेणी भएमा १ अङ्क
2. **अन्तर्वार्ता वापत १५ अङ्क**
   - **पालिका भित्रको उम्मेद्वार भएमा ५ अङ्क**
   - **इलाम जिल्ला भित्रको उम्मेद्वार भएमा ३ अङ्क**
   - **इलाम जिल्ला बाहिरको उम्मेद्वार भएमा २ अङ्क**

- व्यक्तित्व/आचरण वापत – २ अङ्क
- विषयवस्तुको ज्ञान वापत – ६ अङ्क
- प्रस्तुतीकरण वापत – २ अङ्क

तर अन्तर्वार्ताको अङ्क दिँदा कुनै उम्मेद्वारलाई ३५ प्रतिशत भन्दा कम र ७० प्रतिशत भन्दा बढी दिनुपर्ने भएमा त्यस्तो अङ्क दिनुपर्ने कारण स्पष्ट खुलाउनुपर्नेछ ।

**द्रष्टव्य: विद्यालय सहयोगी कर्मचारीको लागि**

- न्यूनतम शैक्षिक योग्यता: मान्यता प्राप्त शैक्षिक संस्थबाट SEE उत्तीर्ण वा सो सरह उत्तीर्ण हुनेछ ।
- वस्तुगत परीक्षाको लागि २० मिनेट समय निर्धारण गरिएको छ ।
- विषयगत परीक्षाको लागि १  घण्टा ५० मिनेट समय निर्धारण गरिएको छ ।
- उमेर प्रचलित ऐन तथा नियमावली बमोजिम हुनेछ ।
- तलब भत्ता सुविधा तोकिए बमोजिम हुनेछ ।
- वस्तुगत र विषयगत परीक्षामा गरी समग्रमा जम्मा उत्तीर्णाङ्क ४० अङ्क हुनेछ।
  वस्तुगत परीक्षामा तर केरमेट गरी उत्तर लेखेमा उक्त उत्तरलाई गलत मानिनेछ ।

## प्रारम्भिक बाल विकास सहजकर्ता  (बाल शिक्षक) छनोट परीक्षाको पाठ्यक्रम
## लिखित परीक्षाको योजना (Written Examination Scheme)

| वस्तुगत परीक्षा | | | विषयगत परीक्षा | | प्रति प्रश्न अङ्क भार | जम्मा पूर्णाङ्क | उत्तीर्णाङ्क |
|---|---|---|---|---|---|---|---|
| पूर्णाङ्क | प्रश्न संख्या | प्रति प्रश्न अङ्क भार | पूर्णाङ्क | प्रश्न संख्या | | | |
| ४० | २० | २ | ६० | १० | | १०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | संक्षिप्त उत्तर आउने प्रश्न | ८ | ५ | | वस्तुगत र विषयगत गरी ४० अङ्क |
| | | | लामो उत्तर आउने प्रश्न | २ | १० | | |

## खण्ड (क)
## लिखित परीक्षा अन्तर्गत वस्तुगत परीक्षाको पाठ्यक्रम ढाँचा, विषयक्षेत्र र अङ्कभार

| क्र.सं | विषय वस्तुको क्षेत्र | प्रश्न संख्या | प्रति प्रश्न अङ्कभार | जम्मा अङ्कभार |
|---|---|---|---|---|
| १ | नेपालको भूगोल (भौगोलिक विविधता, प्रदेश, जिल्ला, स्थानीय तह, ताल, नदी, हिमाल) | १ | २ | २ |
| २ | समसामयिक घटनाक्रम तथा नविनतम जानकारीहरु | २ | २ | ४ |
| ३ | नेपालको आधुनिक शैक्षिक इतिहास | १ | २ | २ |
| ४ | शिक्षा मनोविज्ञानको अर्थ, अवधारणा, आवश्यकता र महत्त्व, गर्भावस्था देखि पूर्ववाल्यावस्था सम्मको विकासात्मक अवस्था तथा विशेषताहरु | २ | २ | ४ |
| ५ | पाठ्यक्रमको परिचय तथा अवधारणा, प्रारम्भिक बाल विकास कक्षाको पाठ्यक्रम तथा स्थानीय पाठ्यक्रम | २ | २ | ४ |
| ६ | शैक्षणिक योजना: अर्थ र आवश्यकता, वार्षिक कार्ययोजना, वार्षिक शैक्षणिक योजना, एकाई योजना र दैनिक पाठयोजना | २ | २ | ४ |
| ७ | शैक्षणिक सङ्गठन: कक्षा शिक्षण, बहुकक्षा शिक्षण, विषय शिक्षण | १ | २ | २ |
| ८ | नेपाली भाषा सम्बन्धी सुनाई, बोलाई, पढाई, लेखाई सीप तथा व्याकरण सम्बन्धी सामान्य जानकारी | १ | २ | २ |
| ९ | बालमैत्री कक्षाकोठा व्यवस्थापन तथा शिक्षण सिकाईमा ICT को प्रयोग सम्बन्धी सामान्य जानकारी | २ | २ | ४ |
| १० | सामान्य गणितिय सीप: जोड,घटाउ, गुणन, भाग, प्रतिशत | १ | २ | २ |
| ११ | अङ्ग्रेजी भाषा सम्बन्धी सामान्य जानकारी | १ | २ | २ |
| १२ | शिक्षा ऐन, २०२८ (संशोधन सहित) र शिक्षा नियमावली, २०५९ (संशोधन सहित) तथा सूर्योदय नगरपालिकाको शिक्षा ऐन नियमावलीमा शिक्षक-कर्मचारीको सेवा सर्त, विदा र वि.व्य.स गठन, शिक्षक अभिभावक संघ, विद्यार्थी-शिक्षक आचार संहिता) | २ | २ | ४ |

| | | | | |
|---|---|---|---|---|
| १३ | नेपालको संविधान, २०७२ सम्बन्धी सामान्य जानकारी (शिक्षा तथा बालबालिका सम्बन्धी मौलिक हक) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा शिक्षा सम्बन्धी व्यवस्था | २ | २ | ४ |
| | जम्मा | २० | | ४० |

**खण्ड (ख)**

**लिखित परीक्षा अन्तर्गत विषयगत परीक्षाको पाठ्यक्रम ढाँचा, विषय क्षेत्र र अङ्कभार**

| क्र.सं | विषयवस्तुको क्षेत्र | प्रश्न संख्या | प्रति प्रश्न अङ्कभार | जम्मा अङ्कभार |
|---|---|---|---|---|
| १ | बाल मनोविज्ञान अर्थ, अवधारणा, आवश्यकता र महत्त्व<br>मानव विकास: वृद्धि र विकासको अवधारणा, पूर्व वाल्यावस्थाको परिचय, विकासात्मक, कार्य, विशेषता, संवेगात्मक परिवर्तन, रुची, संकट तथा पूर्ववाल्यावस्थाका विद्यार्थीको सुरक्षित विकासमा शिक्षक र अभिभावकको भूमिका | १ | १० | १० |
| २ | शैक्षणिक योजना परिचय, आवश्यकता, निर्माण र प्रयोग, वार्षिक कार्यतालिका, वार्षिक शैक्षणिक योजना, एकाइ योजना, दैनिक पाठयोजना<br>कक्षाकोठाको व्यवस्थापन अवधारणा र महत्त्व कक्षाकोठाको वातावरण र बसाइ व्यवस्थापन | १ | १० | १० |
| ३ | कक्षा शिक्षण, विषय शिक्षण र बहुकक्षा शिक्षण, कक्षा कोठामा विविधता व्यवस्थापन तथा बालमैत्री कक्षाकोठा,भाषिक, सामाजि,सिकाइ क्षमता, बौद्धिक र शारीरिक | १ | ५ | ५ |
| ४ | शैक्षिक सामग्री तथा शिक्षण विधि, शैक्षिक सामग्रीको प्रकार र निर्माण, महत्त्व, विद्यार्थी केन्द्रित शिक्षण विधि,प्रयोग र महत्त्व | १ | ५ | ५ |
| ५ | व्यक्तिगत र वातावरणीय सरसफाई तथा प्राथमिक उपचार, व्यक्तिगत सरसफाई, वातावरणीय सरसफाई, फोहोर व्यवस्थापन, प्राथमिक उपचारको परिचय, महत्त्व, घर, विद्यालय र खेल मैदानमा हुने दुर्घटना, प्राथमिक उपचार तथा दुर्घटनाबाट बच्ने उपायहरु | २ | ५ | १० |
| ६ | पाठ्यक्रमक तत्त्वहरु, पाठ्यक्रम निर्माणका आधारहरु<br>स्थानीय पाठ्यक्रम: परिचय, महत्त्व र विद्यालयतहमा स्थानीय पाठ्यक्रम सम्बन्धमा भएको व्यवस्था | १ | ५ | ५ |
| ७ | सिकाइको परिचय शैलीहरु, परिपक्वता र सिकाइ बिच अन्तर सम्बन्ध, स्व-प्रतिविम्बन र सिकाइ, र सिकाइको स्थानान्तरण, स्मरण, विस्मरण, उत्प्रेरणा र सिकाइ तथा शिक्षण विधिको वर्गीकरण र प्रयोग | १ | ५ | ५ |
| ८ | मूल्याङ्कनको अवधारणा, उद्देश्य, प्रकारहरु, मूल्याङ्कनका साधनहरु र प्रयोग तथा प्राथमिक तहमा प्रयोग हुने | १ | ५ | ५ |

| | | | | |
|---|---|---|---|---|
| | मूल्याङ्कनका विधि तथा प्रक्रियाहरु, परीक्षाको अवधारण, उद्देश्य, प्रकार | | | |
| ९ | विद्यालयमा द्वन्द्व व्यवस्थापन तथा विपद व्यवस्थापनको अवधारणा र महत्त्व | १ | १ | ५ |
| | **जम्मा** | **१०** | | **६०** |

**प्रारम्भिक बाल विकास सहजकर्ता (बाल शिक्षक)छनोट परीक्षाको अन्तर्वार्ताको योजना**

**(Interview Examination Scheme)**

**1. शैक्षिक योग्यता वापतको ५ अङ्क**

- प्रारम्भिक बाल विकास सहजकर्ताको लागि सेवा प्रवेशको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्रथम श्रेणी भएमा ३ अंक र द्वितीय श्रेणी भए २ अङ्क र तृतीय श्रेणी बराबरको भए १ अङ्क
- सेवा प्रवेशको लागि तोकिएको शैक्षिक योग्यता भन्दा माथिल्लो शैक्षिक योग्यताको प्रथम श्रेणि भएमा २ अङ्क र द्वितीय श्रेणी भएमा १ अङ्क,

**2. अन्तर्वार्ता वापत १५ अङ्क**

- **पालिका भित्रको उम्मेद्वार भएमा ५ अङ्क**
- **इलाम जिल्ला भित्रको उम्मेद्वार भएमा ३ अङ्क**
- **इलाम जिल्ला बाहिरको उम्मेद्वार भएमा २ अङ्क**
- व्यक्तित्व/आचरण वापत – २ अङ्क
- विषयवस्तुको ज्ञान वापत – ६ अङ्क
- प्रस्तुतीकरण वापत – २ अङ्क

तर अन्तर्वार्ताको अङ्क दिँदा कुनै उम्मेद्वारलाई ३५ प्रतिशत भन्दा कम र ७० प्रतिशत भन्दा बढी दिनुपर्ने भएमा त्यस्तो अङ्क दिनुपर्ने कारण स्पष्ट खुलाउनु पर्नेछ।

**प्रारम्भिक बाल विकास सहजकर्ताको लागि (बाल शिक्षकका लागि)**

- न्यूनतम शैक्षिक योग्यता: मान्यता प्राप्त शैक्षिक संस्थाबाट कुनैपनि विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको हुनेछ।
- उमेर प्रचलित ऐन तथा नियमावली बमोजिम हुनेछ।
- वस्तुगत परीक्षाको लागि ४० मिनेट समय निर्धारण गरिएको छ।
- विषयगत परीक्षाको लागि २ घण्टा २० मिनेट समय निर्धारण गरिएको छ।
- वस्तुगत र विषयगत परीक्षामा गरी समग्रमा जम्मा उत्तीर्णाङ्क ४० प्रतिशत अङ्क हुनेछ।
- वस्तुगत परीक्षामा परीक्षार्थीले केरमेट गरी उत्तर लेखेमा उक्त उत्तरलाई गलत उत्तर मानिने छ।
- यस पाठ्यक्रम अन्तरगतका विषयमा जनुसुकै कुरा लेखिएको भएतापनि पाठ्यक्रममा परेका कानून (ऐन, नियम) तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडी संशोधन भएका वा हटाईएका वा थप गरी कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनुपर्दछ।

- यो पाठ्यक्रम तथा मापदण्ड कार्यपालिकाबाट स्वीकृत हुनुभन्दा अगाडि भए गरेका काम कारबाहिहरु यथावत हुनेछन्।
- यो पाठ्यक्रम सूर्योदय नगरपालिका नगर कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।